**संवत् २०८२ साल जेठ ०९ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २१५ औं बैठकले गरेको निर्णय-**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -**

- नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था एवं अन्य प्रचलित कानून बमोजिम विभिन्न मितिमा माननीय प्रदेश प्रमुखज्यू समक्ष पेश भई प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त भएका विभिन्न संवैधानिक आयोग एवं निकायहरूका बार्षिक प्रतिवेदनहरु थान -१५ (प्रत्येक निकायको १/१ प्रति) माननीय मुख्यमन्त्रीज्यूको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यूले प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

- नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीका प्रदेश सचिव श्री वीरेन्द्र कुमार मिश्रलाई आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा रिक्त रहेको प्रदेश सचिव पदमा र नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प. प्रथम श्रेणीका प्रदेश सचिव श्री दीर्घ नारायण कोइरालालाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा रिक्त रहेको प्रदेश सचिव पदमा पदस्थापन गर्ने।